प्रश्नोत्तरमाला

< ? >

भानुभक्त आचार्य

प्रश्नोत्तरमाला

(काव्य)

भानुभक्त आचार्य

साहित्यरस

साहित्यरस

www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–

(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।

(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. xxxx

ईपुस्तकको स्रोत

प्रकाशक : साझा प्रकाशन

संस्करण : चौथो २०६८

ISBN : 978-9937-32-044-3

About this ebook edition

Originally created as epub

Created : 2025-08-30, 21:18:09 UTC

Latest minor Correction : 2025-09-15, 04:26:22 UTC

Sahityaras ebook id : 20250830211809

Cover art

Prashnottar cover

by Sahityaras team

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नहुन अनुरोध छ।

विषयसूची

[प्रश्नोत्तरमाला](#)

प्रश्नोत्तरमाला

अपार-संसार-समुद्रमाहाँ
डुब्याँ शरण् कुन् छ मलाइ याहाँ ?
चाँडो कृपाले अहिले बताऊ
श्रीरामको पाउ छ मुख्य नाऊ ॥१॥

कुन हो सदा बन्धनमा पर्‍याको ?
जस्‌ले छ यो मन् सुखमा धर्‍याको ।
मुक्ती भन्याको त पदार्थ कुन् हो ?
वैराग्य भन्नू चिज जान्नु जुन् हो ॥२॥

ठुलो नरक् कुन् छ भनेर जान्नू ?
यही शरीरै छ भनेर मान्नू ।
कस्तो स्वभाव् स्वर्ग भनेर जान्नू ?
तृष्णा छुट्या स्वर्ग भनेर मान्नू ॥३॥

कुन् ज्ञान् छ ठूलो भनि लीनु पर्‍या ?
वेदान्तको ज्ञान छ दुःख हर्‍या ।
कुन् हो सहज् मोक्ष गरायिदीन्या ?
ज्ञान् हो अरूको किन नाम लीन्या ॥४॥

कुन् मूल ढोका छ नरक्कि ? नारी,
लान्छे नरक् मोह ठुलो फिजारी ।
कुन् धर्म हो स्वर्ग पुऱ्यायिदीन्या ?
तेस्तो अहिंसा छ बुझेर लीन्या ॥५॥

सुत्न्या सुखै पूर्वक आद्मि कुन् हो ?
समाधि लायी रहन्या त जुन् हो ।
जागा कउन् हो कसरी उ जान्न्या ?
जो सत् असत्को छ विवेक गर्न्या ॥६॥

कस्लाइ हो शत्रु भनेर जान्नू ?
आफ्ना दशै इन्द्रिय शत्रु मान्नू ।
कस्लाइ खूब् मित्र भनेर मान्नू ?
जीत्या तिनै इन्द्रिय मित्र जान्नू ॥७॥

दरिद्र नाऊँ नरमा छ कस्को ?
विशाल तृष्णा घरमा छ जस्को ।
कुन् हो धनी सब् नरले कह्याको ?
सन्तोषले जो छ खुसी रह्याको ॥८॥

जिउँदै मऱ्याको भनि नाम् छ कस्को ?
उद्यम् बिना बित्तछ काल जस्को ।
अमृत्-सरी कुन् छ भन्या ? निराशा
पाशा कउन् हुन् ? ममतै छ पाशा ॥९॥

को छन् सुरा झैँ अतिमोह गर्न्या ?
स्त्री जान्नु तस्तै गरि चित्त हर्न्या ।
कस्लाइ विद्वान्हरु तुच्छ भन्छन् ?
जो कामदेव्को वशमा रहन्छन् ॥१०॥

मृत्यू भन्याको भन आज कुन् हो ?
अप्यश् भन्याको तिमि जान जुन् हो ।
कुन् हो सबैले गुरु भन्नु पर्न्या ?
जो हो हितैको उपदेश गर्न्या ॥११॥

कुन् शिष्य हो शिष्य भनेर जान्नू ?
जुन् गर्छ सेवा उहि शिष्य मान्नू ।
कुन् दीर्घ रोग् हो सबलाइ हर्न्या ?
संसार हो जन्मनु मर्नु पर्न्या ॥१२॥

यो दीर्घरोग् फेक्न उपाय कुन् हो ?
अनित्य सब् जान्नु विचार जुन् हो ।
भूषण् छ कुन् सज्जनले कह्याको ?
शीलै छ भूषण् बहुतै बन्याको ॥१३॥

कस्लाइ खुब् तीर्थ भनेर मान्नू ?
जुन् शुद्ध मन् हो उहि तीर्थ जान्नू ।
विद्वान् कउन् चिज्कन तुच्छ मान्छन् ?
कान्ता र सुन् त्याज्य भनेर ठान्छन् ॥१४॥

कुन् सुन्न बेस् हुन्छ भनेर मान्नू ?

वेदान्तका बात् गुरुदेखि सुन्नू।
कुन् ब्रह्म जान्नाकन हेतु मान्नू?
सत्सङ्ग वेदान्त विचार जान्नू ॥१५॥

कुन् सन्त हुन्? लोक्कन तुच्छ मान्न्या,
सब् छोडि साँचो शिवतत्त्व जान्न्या।
ज्वर् कुन् छ? चिन्ता ज्वर-तुल्य मन्न्या,
कुन् मूर्ख हो? कत्ति विवेक् नगर्न्या ॥१६॥

कुन् काम हो मन् दिइ गर्नु पर्न्या?
श्री विष्णुको भक्ति छ दुःख हर्न्या।
कुन् आद्मि हो यस् नरमा जियाको?
निर्दोषि भै मन् हरिमा दियाको ॥१७॥

विद्या र बोध् कुन् चिजलाइ भन्छन?
जुन् पाउँदा मुख्य भयी रहन्छन्।
कुन् मुख्य लाभ् हो? भन आज तेही।
आत्मासरीको अरु छैन कोही ॥१८॥

सारा जगत् जित्छ अवश्य कस्ले?
अभ्यास् गरी मन्कन जित्छ जस्ले।
कस्ता बली वीर्कन वीर् कहन्छन्?
कन्दर्प जस्का वशमा रहन्छन् ॥१९॥

कुन् हुन् बडा धीर् सब धर्म जान्न्या?
स्त्रीका कटाक्षैकन तुच्छ मान्न्या।

कुन् हुन् ठुला विष्? विषयै कहिन्छन्
ती कालकूटादि बरू सहिन्छन्॥२०॥

कुन् दुःखि हो यस् विषलाई लीन्या?
संसारमा खुप्सित चित्त दीन्या।
कुन् धन्य हो? जुन् छ परोपकारी,
कुन् पूज्य हो? तत्त्व लिन्या विचारी॥२१॥

कौनै बखत्मा पनि क्या नगर्नू?
पाप्मा अगाडी कहिल्यै नसर्नू।
विद्वान् पुरुष्ले कति काम गर्नू?
स्वधर्म थामीकन शास्त्र पढ्नू॥२२॥

साङ्ला कउन् हुन् सबलाइ बाँध्न्या?
स्त्री हुन् सदा पाउ समाइ-राख्न्या।
सब् व्रतहरूमा व्रत मुख्य कुन् हो?
सब्देखि सानो म छु भन्नु जुन् हो॥२३॥

क्या जानिईदैन भनेर बक्नू?
स्त्रीको चरित्रै छ नजानिसक्नू।
क्या हो सबैले त नछोडि सक्न्या?
यै हो दुराशा अरू कीन बक्न्या॥२४॥

कुन् हो पशूतुल्य भनी कह्याको?
विद्या नभै मूर्ख पडी रह्याको।
सज्ज्न्हरू कस्सित सङ् नगर्नू?

खल् – पापि-निच्का नगिचै नपर्नू ॥२५॥

कस्ता पुरुष् मुक्त भएर तर्छन् ?
सत्सङ्ग – भक्तीहरु जो त गर्छन् ।
छोटो कउन् हो ? नलजाइ माग्न्या,
कुन् हो बडो ? जो धनमा नलाग्न्या ॥२६॥

जन्म्यो कउन् ? जन्मनु फेर् नपर्न्या
मर्न्या कउन् हो ? मरि फेर् नमर्न्या ।
कस्लाइ लाटो छ भनेर भन्छन् ?
जो ता बखत्मा पनि चुप् रहन्छन् ॥२७॥

बैह्रो कउन् हो ? हित बात् नसुन्न्या
कुन् हो अविद्या मित नारि मान्न्या ।
कुन् तत्त्व साँचो छ भनेर खोज्नू ?
साँचा शिवै छन् शिवलाइ रोज्नू ॥२८॥

उत्तम् भन्याको भन आज कुन् हो ?
सज्जनहरूको सुचरित्र जुन् हो ।
कुन् कर्मले शोक्हरू दूर हुन्छन् ?
श्री विष्णुका पूजनले ति टर्छन् ॥२९॥

कुन् शत्रु हुन् खुब् बलवान् भयाका ?
कामादि हुन् सब् नरले कह्याका ।
कुन् हो कसै पूर्ण गरी नसक्नू ?
कामै छ त्यस्तो अरु कीन बक्नू ॥३०॥

कुन् दुःखको मूल भनेर जान्नू?
मेरो म हुम् भन्नु छ तेहि मान्नू।
कुन् हो जगत्‌को गहना बन्याको?
विद्यै छ सब्‌को गहना बन्याको ॥३१॥

कुन् सत्य हो सत्य कसोरि जान्नू?
जुन् प्राणिको हित् छ उ सत्य मान्नू।
कुन् छाडिदीन्या सुखि हुन्छ भन्छन्?
स्त्री छाड्न सक्न्या सुखिमा गनिन्छन् ॥३२॥

ठूलो छ दान् कुन् गरि ताप हर्न्या?
सब् प्राणिको निर्भय जो त गर्न्या।
कुन् हो बुभ्न्यौ निश्चय नाश हून्या?
त्यो भक्तको मन् छ भनेर जान्न्या ॥३३॥

कस्तो भयामा भय छुट्टि हुन्छन्?
मुक्तै भयामात्र ति पाप टर्छन्।
वाण्‌तुल्य कुन् हो अति दुःख दीन्या?
जुन् मूर्खता हो उहि जानि लीन्या ॥३४॥

कस्का सधैं दास् भइ पाउ पर्नू?
बूढा गुरूमा लगि चित्त धर्नू।
प्राणान्तका समयमा कति कर्म गर्नू?
सम्पूर्ण छोडि रघुनाथ्–तिर चित्त धर्नू ॥३५॥

कुन् चोर हो इ जनको भनि चोर जान्नू?
जुन् वासना त छ असत् उहि चोर मान्नू।
शोभायमान भयि बस्छ सभाविषे को?
सब्को प्रसन्न मन गर्दछ शास्त्रले जो ॥३६॥

मातासरी सुख दिन्या कुन चीज् छ जान्नू?
विद्यै छ त्यस्तो अरु कौन खोज्नू।
कुन् हो जती–जति दियो उति बढ्न जान्या?
विद्यै रहेछ बुझि निश्चय तेहि मान्या ॥३७॥

कुन् काम हो अति डरायर दूर सार्नू?
लोकापवाद् छ घटिया कहिल्यै न धर्नू।
कुन् कर्म गर्दछ भन्या उहि बन्धु मान्नू?
आफ्नो सहाय यदि गर्दछ बन्धु जान्नू ॥३८॥

कस्ता मनुष्यकन पित्रि भनेर जान्नू?
जसले त पालन गर्‍यो उहि पित्रि मान्नू।
कुन् चीज जानिकन चीज् रहँदैन जान्नू?
यो चीज् त नित्य परमेश्वरलाइ मान्नू ॥३९॥

कुन् चीह्निया सकल चीज्हरू चिह्निइन्छन्?
ईश्वर् चिह्न्या सकल वाँहि चिह्नी सकिन्छन्।
कुन् चीज् रहेछ अति दुर्लभ खोजि जान्नू?
सत्सङ्ग हो अधिक दुर्लभ तेहि मान्नू ॥४०॥

कुन् त्याग् कहिन्छ? शिवको सब तत्त्व जान्नू,

कुन् जीत्न सक्नु छ कठिन्? उ त काम मान्नू।
कुन् हो पशूसरि भनी नरले कह्याको?
आत्मा नजानिकन मूर्ख पडी-रह्याको ॥४१॥

अम्मृत्सरी अघि भई पछि वीष बन्न्या,
कुन् हो? स्त्रि हुन् किन अरू चिजलाइ भन्न्या।
कुन् शत्त्रु हुन् अघि त मित्त्र सरी रह्याका?
पुत्त्रादि हुन् सकल सज्जनले कह्याका ॥४२॥

कुन् चीज् छ चञ्चल यहाँ क्षण एक् घरीको?
आयुष्य यौवन बुझ्न्या बिजुली सरीको।
कुन् दान् ठहर्छ अति मुख्य यहाँ गऱ्याको?
जुन् दान् छ पात्त्रहरुका मुखमा पऱ्याको ॥४३॥

प्राण् जान खोज्दछ भन्या पनि कुन् नगर्नू?
संसार् अनित्त्य बुझि पाप् कहिल्यै नगर्नू।
कुन् हो अघी सरिसरीकन गर्नु पर्न्या?
पूजा सदाशिवजिको सब पाप हर्न्या ॥४४॥

कुन् कर्म मुख्य भनि सद्गुरुले कहन्छन्?
जुन् कर्मले त परमेश्वर खुश् रहन्छन्।
कुन् स्थानमा बसुँ भनीकन दील् नदीनू?
संसारमा भनि अवश्य चिह्नेर लीनू ॥४५॥

रात्दिन् निरन्तर कतातिर चित्त धर्नु?
संसार् अनित्त्य बुझि तत्त्व-विचार गर्नू।

तत्त्वै-विचार् छ सबको सब पाप हर्न्या,
ज्ञान् जान्नलाइ सबले यहि चित्त धर्न्या ॥४६॥

प्रश्नोत्तरै छ बढिया गुरुले भन्याको,
सत्कर्म जान्नकन अर्तिसरी बन्याको ।
यस्को निरन्तर बिचार् जतिले त गर्छन्,
संसार्-समुद्र सहजै त तिनै त तर्छन् ॥४७॥

प्रश्नोत्तरै हो मणिरत्नमाला,
यस्लाइ पैह्रेर जहाँ त जाला ।
तेस्का यसैले सब पाप टार्ला,
फेर् अन्त्यमा मुक्त गराइ छाड्ला ॥४८॥

॥इति॥